नेपाल राष्ट्र बैंक
भुक्तानी प्रणाली विभाग

केन्द्रीयकार्यालय
बालुवाटार, काठमाडौं
फोन: ००९७७ १ ४४२८२२६
फ्याक्स: ००९७७ १ ४४४३८७८
E-mail :psdept @nrb.org.np
Web :www.nrb.org.np
पोष्ट बक्स:७३

**नेपाल राष्ट्र बैंक**
**भुक्तानी प्रणाली विभाग**

**शाखारहित बैंकिङ्ग (Branchless Banking) सेवामार्फत् कारोबार गर्दा अपनाउनु पर्ने सजगताका सम्बन्धमा सर्वसाधारणका लागि जारी गरिएको सूचना।**

यस बैंकबाट अनुमतिपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले महानगरपालिका तथा उपमहानगरपालिका वाहेकका बैक तथा वित्तीय संस्थाको उपस्थिति नभएका स्थानमा आधिकारिक प्रतिनिधि नियुक्त गरी शाखारहित बैंकिङ्ग सेवा उपलब्ध गराउन सक्ने व्यवस्था छ । बैंकिग पहुँच अभिवृद्धि गर्ने अभिप्रायले गरिएको यस व्यवस्थाबमोजिम सेवा उपभोग गर्दा देहायका विषयहरुमा विशेष ध्यान दिन सम्बन्धित सबैको ध्यानाकर्षण गरिएको छ :

१. बैंक तथा वित्तीय संस्थाको आधिकारिक प्रतिनिधि र सहायक प्रतिनिधिमार्फत् मात्र तोकिएको सेवा केन्द्रमा गई कारोबार गर्नुपर्दछ ।

२. सेवाग्राहीले कुनै पनि कारोबार गर्दा विद्युतीय उपकरणमार्फत् मात्र गर्नुपर्दछ ।

३. कुनै पनि कारोबार गरिसकेपछि विद्युतीय उपकरणबाट प्राप्त हुने प्रिन्टेड स्लिप अनिवार्य रुपमा लिई आफूले गरेको कारोवारबमोजिम भए नभएको यकीन गर्नुपर्दछ । साथै, विद्युतीय उपकरणबाट सुनिने आवाज (ध्वनी) मार्फत् पनि आफूले गरेका कारोवारको यकीन गर्न सकिन्छ ।

४. शाखारहित बैंकिङ्ग कारोबारमार्फत रकम जम्मा गर्दा, ऋणको किस्ता तिर्दा अथवा रकम झिक्दा आफूले कारोवार गरे बमोजिमको भए/नभएको बेला बेलामा बैंक खातामार्फत् समेत यकीन गर्नुपर्दछ । व्यक्तिगत सम्बन्धको आधारमा कसैलाई बैंकमा रकम जम्मा गर्न दिएको भए त्यस्तो रकम सम्वन्धित खातामा जम्मा भए/नभएको तुरुन्त यकीन गर्नुपर्दछ ।

५. सेवा सञ्चालनका सम्बन्धमा केही सुझाव तथा गुनासो भएमा यस बैंकको फोन नं. ४४१५१५८ वा गुनासो सुनुवाइ गर्ने पोर्टल gunaso.nrb.org.np मार्फत् जानकारी गराउनु पर्दछ ।

मिति: २०७९/०८/१४

कार्यकारी निर्देशक